गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipality Executive
सुरी, दोलखा
Suri, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref No:- 082/083
चलानी नं./Dispatch No: -

मिती/Date:- 2082/11/26

## बाँझो जग्गामा कृषि खेती गर्न आवेदन पेस गर्ने सूचना ।

गौरीशंकर गाउँपालिका कार्यालयको चालु आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"बाँझो जग्गामा कृषि खेती कार्यक्रम"** अन्तर्गत तल उल्लेखित क्रियाकलाप ५०% अनुदानमा संचालन गर्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था तथा निजी कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले सात (७) दिन मिति २०८२/१२/०२ गते कार्यालय समयभित्र तल उल्लेखित आवश्यक कागजात सहित यस गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकाश शाखा सुरी, दोलखा र हरेक आईतवार र सोमबार सेवा केन्द्र भोर्लेमा आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | मुख्य शर्तहरु | संचालन योग्य क्रियाकलापहरु |
|---|---|---|---|
| १ | बाँझो जग्गामा कृषि खेती कार्यक्रम | -अनिवार्य ५० प्रतिशत लागत साँझेदारी गर्नुपर्ने । -गत आ.व.मा सोही प्रकृतिको अनुदान कार्यक्रम नपाएको हुनुपर्ने । | - मौसमी तथा बेमौसमी तरकारी खेती र आलुबाली खेति । - बेमौसमी तरकारी खेतिको लागी आधुनिक टनेल निर्माण र खेती। - खेतिका लागि आवश्यक साना यन्त्र/उपकरण खरिद, मल, बीउ, सुष्म खाद्यतत्व खरिद, लगायत अन्य सम्बन्धित क्रियाकलापहरु । |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१) तोकिएको ढाँचामा आवेदन र नेपाली नागरिकताको प्रतिलिपि ।

२) व्यवसायको बिस्तृत कार्ययोजना, प्रतिबद्धता पत्र र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३)फर्म/समुह/सहकारी को दर्ता/नविकरण, PAN दर्ता र कर चुक्ता प्रतिलिपि । (समुह सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदन समेत)

४) प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णयको प्रतिलिपि । (एकल फार्मको हकमा लागु नहुने)

५) प्रस्ताव पेश गर्न जिम्मेवार ब्यक्तिलाई अख्तियारी दिएको निर्णय प्रतिलिपि र जिम्मेवार ब्यक्तिको नागरिकताको प्रतिलिपि । (एकल फर्मको हकमा लागु नहुने)

(रिजेश उप्रेरकोटी)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सूचना प्रविधि शाखाः वेभसाइटमा सूचना प्रकाशन गरिदिनु हुन ।
श्री वडा कार्यालय सवै, गौरीशंकर गाउँपालिका (वडा कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिदिनुहुन)

**नोटः** थप जानकारीको लागि गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छि विकास शाखा सुरी,दोलखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क – (९८६१३८३६३८, ९८४४१८५०२९)

गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipality Executive
सुरी, दोलखा
Suri, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref No:- 082/083
चलानी नं./Dispatch No: -
मिती/Date:- 2082/11/26

गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**बाँझो जग्गाभाडा सम्झौता गर्न आउने सूचना ।**

चालु आ.व. ०८२/०८३ मा गौरीशंकर गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"बाँझो जग्गामा कृषि खेती कार्यक्रम"** अन्तर्गत बाँझो जग्गा गाउँपालिकाले भाडामा लिन मिति २०८२/०८/०१ मा प्रकाशित एक्काइस (२१) दिने सार्वजानिक सूचना अनुसार यस कार्यालयलाई पाँच (५) बर्षको लागी जग्गा भाडामा दिन ईच्छुक भई यस कार्यालयमा आवेदन पेस गर्नुभएका सम्पुर्ण जग्गा धनीहरुलाई यो सूचना प्रकाशित मितिले सात (७) दिन मिति २०८२/१२/०२ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस गौरीशंकर गाउँपालिका, कृषि तथा पशुपन्छी विकाश शाखा सुरी दोलखामा सम्झौताका लागी सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

**तपसिल**

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१) जग्गा भाडा सम्झौताको लागी आवेदन ।

२) जग्गा धनिको नेपाली नागरिकताको प्रतिलिपी ।

३) जग्गाधनी पुर्जाको सक्कल प्रमाणपत्र र जग्गाको तिरो तिरेको रसिद ।

(रिजेश उप्रेकोटी)
प्रमुख प्रशासकीय अधिकृत
रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखाः वेभसाइटमा सूचना प्रकाशन गरिदिनु हुन ।

श्री वडा कार्यालय सवै, गौरीशंकर गाउँपालिका (वडा कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिदिनुहुन)